आज मिति २०७९ साल जेठ २१ गते शनिबार बिहान ११:०० बजे यस गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री मुकुन्द प्रसाद पौडेल | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री भुपाल सिंह तामाङ | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री युवराज पहाडी | कार्यपालिका सदस्य | |
| ११. | श्री कृष्ण प्रसाद गौतम | कार्यपालिका सदस्य | |
| १२. | श्री मोहन बहादुर गौतम | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | कार्यपालिका सदस्य | |
| १५. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १७. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १८. | श्री युवमाया मस्राङ्गी | कार्यपालिका सदस्य | |
| १९. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| २०. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |

सहजकर्ता :- श्री जीतेन्द्र गिरी, अधिकृत छैठौं

श्री प्रेम बहादुर लुंगेली, कम्प्युटर अपरेटर

श्री तारामाया अधिकारी, का.स.

श्री पदम बहादुर तामाङ, का.स.

## मिति २०७९ जेठ २१ गते शनिबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | यस गाउँपालिकाको यस अघि बसेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुको समीक्षा गरियो । |
| २ | आ.व.०७८/७९ को बजेट तथा योजना संशोधन र सम्झौता सम्बन्धमा । | यस चालु आ.व.०७८/७९ को योजना तथा कार्यक्रम तथा बजेट संशोधन गर्नु पर्ने भएमा वडा समितिले तयार गरी यस महिनाको २४ गतेभित्र गाउँपालिकामा पेश गर्ने र २५ गते बस्ने कार्यपालिका बैठकमा छलफल गर्ने । |
| ३ | कार्यपालिकास्तरीय विभिन्न समिति गठन गर्ने सम्बन्धमा । | विषयगत शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न देहाय बमोजिमको विषयगत समिति वडा अध्यक्ष ज्यू र कार्यपालिका सदस्यं ज्यूहरुको आपसी सहमतिमा गठन गरी आगामी २५ गते हुने गाउँ कार्यपालिका बैठकमा पेश गर्ने ।<br>(क) आर्थिक विकास समिति<br>(ख) सामाजिक विकास समिति<br>(ग) पूर्वाधार विकास समिति<br>(घ) वातावरण तथा विपद व्यवस्थापन समिति<br>(ङ) संस्थागत विकास तथा सुशासन समिति<br>(च) विधेयक समिति |
| ४ | प्रवक्ता तोक्ने सम्बन्धमा । | गाउँ कार्यपालिकाको काम कारबाहीको विषयमा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिन यस गाउँ कार्यपालिकाको प्रवक्ता तोक्न वडा अध्यक्ष ज्यू र कार्यपालिका सदस्य ज्यूहरुको आपसी सहमतिद्वारा आगामी २५ गते बस्ने कार्यपालिका बैठकमा पेश गर्ने । |
| ५ | विषेश गाउँसभा सम्बन्धमा । | मिति २०७९/०२/२७ गते शुक्रबारका दिन बिहान ११:०० बजे गाउँ सभाको विषेश अधिवेशन बोलाउने । |
| ६ | विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, विनियम तयारी तथा स्वीकृत सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको कार्यालयलाई अत्यावश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, आदि विधेयक/विधायन समितिबाट तयार गरी आगामी कार्यपालिका बैठक तथा गाउँसभाको बैठकमा पेश गर्ने । |

<u>मिति २०७९ जेठ २१ गते शनिबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:</u>

<table>
<tr><th>निर्णय नं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>७</td><td>गाउँपालिकाको लोगो र पालिकाको गित सिर्जनाको लागि प्रस्ताव आह्वान गर्ने सम्बन्धमा ।</td><td>यस गाउँपालिकाको पहिचान झल्कने लोगो तथा गित सिर्जनाको लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली बमोजिम प्रस्ताव आह्वान गर्ने ।</td></tr>
<tr><td>८</td><td>जस्तापाता वितरण सम्बन्धमा ।</td><td>यस गाउँपालिकामा विद्यमान खरको छानालाई विस्थापित गर्न भुकम्प आवास पुनर्निर्माण अनुदान प्राप्त नगरेका, टायल, ढुङ्गा, जस्ताको छाना नभएका र खरको छाना भएका व्यक्तिहरुको यस कार्यालयमा प्राप्त निवेदनहरु सम्बन्धित वडा कार्यालयमा पठाई छानबिन गरी निवेदन छुट भएमा थप समावेश गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।</td></tr>
<tr><td>९</td><td>कर्मचारीहरुको जिम्मेवारी हेरफेर गर्ने सम्बन्धमा ।</td><td>यस गाउँपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको तपसिल बमोजिम जिम्मेवारी तत्काल हेरफेर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।<br><u>तपसिल</u>
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम, थर, पद, तह</th><th>हालको जिम्मेवारी</th><th>परिवर्तन गरिएको जिम्मेवारी</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>श्री ईन्द्र बहादुर दुलाल, सि.अ.हे.व., छैठौ</td><td>स्वास्थ्य शाखा संयोजक</td><td>स्वास्थ्य चौकी प्रमुख, श्री स्वास्थ्य चौकी, कोटगाउँ सिपाली</td><td></td></tr>
<tr><td>२.</td><td>श्री रितेश गिरी, हे.अ., पाचौं</td><td>स्वास्थ्य चौकी प्रमुख, श्री स्वास्थ्य चौकी, कोटगाउँ सिपाली</td><td>स्वास्थ्य शाखा संयोजक</td><td></td></tr>
</table>
साथै, शिक्षा, युवा तथा खेलकुद शाखामा फोकल पर्सनको रुपमा कार्यरत शिक्षक श्री बुद्धिमान तामाङको निज कार्यरत विद्यालय श्री मा.वि. लाम्पन बतासेमा काज फिर्ता गर्ने ।<br>साथै, यस गाउँपालिकामा सेवा करारमा इन्जिनियर पदमा कार्यरत श्री राजेन्द्र मानन्धर (अधिकृतस्तर छैठौं तह) को सेवा करार आजको मितिदेखि लागू हुने गरी रद्द गर्ने ।</td></tr>
<tr><td>१०</td><td>आँखा शिविर बापतको खर्च अनुमोदन तथा भुक्तानी सम्बन्धमा ।</td><td>चालु आ.व.०७८/७९ मा यस गाउँपालिकाको विभिन्न वडामा आँखा शिविर सञ्चालन भएकोले उक्त शिविरमा भएको खर्च अनुमोदन गरी उपयुक्त शिर्षकबाट भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।</td></tr>
</table>

## मिति २०७९ जेठ २१ गते शनिबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| ११ | ज्येष्ठ नागरिकहरुलाई निःशुल्क एम्बुलेन्सको व्यवस्था सम्बन्धमा । | आगामी आ.व.०७९/८० देखि ६८ वर्ष पूरा भएका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिकहरुलाई यस गाउँपालिकाबाट बाहिर स्वास्थ्य उपचारको लागि लैजानु पर्दा निःशुल्क एम्बुलेन्सको व्यवस्था गर्ने । |
| १२ | सडक बत्ति जडान सम्बन्धमा । | आगामी आ.व.०७९/८० मा यस गाउँपालिकाको वडा केन्द्र तथा घना बस्ती भएका मुख्य बजार क्षेत्रमा विद्युत प्राधिकरण, सिन्धुलीसँग समन्वय गरी सडक बत्ति जडान गर्ने । |
| १३ | बाल विकास, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीहरु सम्बन्धमा । | बाल विकास, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगीहरुलाई गत आर्थिक वर्षमा यस कार्यालयले तलब भत्ता समेत थप गरी कामकाजमा लगाएकाले निजहरुलाई नेपाल सरकारले तोकेको अवधिसम्म कामकाजमा लगाउने । |
| १४ | बाल विकास केन्द्र स्थापना अनुमति दिने सम्बन्धमा | यस गाउँपालिकाको वडा नं. १ स्थित खोरखोला र वडा नं. ३ स्थित आधामारामा बाल विकास केन्द्र स्थापना गर्न अनुमति दिने । |